यो आकाशवाणी हो, 13.11.2025

प्रस्तुत छन् प्रमुख समाचार

- राष्ट्रपतिले बोत्सवानामा गर्नुभयो भारतीय समुदायलाई सम्बोधन
- बिहार चुनाउको मतगणना भोली आठ बजीदेखि
- विदेश मन्त्रालयद्वारा पासपोर्ट सेवा कार्यक्रमको उन्नत संस्करण जारी
- SIR-को दोस्रो चरण शुरू भएपछि बयालीस करोड़भन्दा अधिक गणना फार्म वितरित अनि
- सरकारद्वारा विद्यमान कृषि नियामक आवश्यकताअनुरूप बीज विधेयक 2025-को मसौदा तयार

अब समाचार विस्तारमा

- **President – Botswana**

राष्ट्रपति द्रौपदी मुर्मुले आज बोत्सवानामा भारतीय समुदायका सदस्यहरूलाई सम्बोधन गर्नुभयो। राष्ट्रपतिले हालै दिल्लीमा भएको आतंकवादी आक्रमणमा मारिएका मानिसहरूका परिवारप्रति संवेदना व्यक्त गर्नुभयो अनि भन्नुभयो.......... उहाँले प्रवासी समुदायका दुवै देशबीच मित्रताको जीवन्त सेतु बताउनुभयो अनि बोत्सवानामा दस हजार मानिसहरूको संख्या भएको भारतीय समुदायको देशको आर्थिक विकास र रोजगार सृजनमा योगदानको सराहना गर्नुभयो। उहाँले आफ्नो कड़ा मेहेनतबाट उनीहरूले बोत्सवानाको समाजमा सम्मानको स्थान अर्जित गरेको बताउँदै देशमा भारतको गौरवशाली प्रतिनिधि भएकोमा उनीहरूलाई बधाई दिनुभयो। उहाँले सामाजिक सेवामा समुदायको योगदानको सराहना गर्दै वसुधैव कुटुम्बकमको दृष्टिकोण साकार बनाउनमा उनीहरूको प्रयासका लागि धन्यवाद दिनुभयो।

छुट्टै रूपमा, बोत्सवानाले प्रोजेक्ट चीताअन्तर्गत भारतलाई आज प्रतीकात्मक रूपमा चीता सुम्पियो। यस अवसरमा गेबरान नजिक नेचर रिजर्वमा आयोजित समारोहमा राष्ट्रपति श्रीमती मुर्मु र बोत्सवानाका राष्ट्रपति डूमा बोको उपस्थित हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **Bihar Counting**

बिहार विधानसभा चुनाउका लागि मतगणना भोली बिहान आठ बजी शुरू हुनेछ। बिहारका अड्तीसवटा जिल्लाका छ्यालीस मतगणना केन्द्रहरूबाट मतगणना गरिनेछ। दुई सय तीरचालीस निर्वाचन क्षेत्रका लागि मतदान दुई चरणमा भएको थियो। इलेक्ट्रोनिक भोटिङ मसिन स्ट्राङ रूममा कड़ा सुरक्षाबीच राखिएको छ।

आकाशवाणी समाचारसितको कुराकानीमा बिहारका मुख्य चुनाउ अधिकारी विनोद सिंह गुञ्जियालले भन्नुभयो...... उहाँले भन्नुभयो, सबै मतगणना केन्द्रहरूमा सुरक्षाको व्यापक व्यवस्था गरिएको छ। श्री गुञ्जियालले भन्नुभयो, उचित सुरक्षा सुनिश्चित गर्न केन्द्रिय सशस्त्र पुलिस बल र राज्य पुलिसलाई तैनात गरेको छ। यसबाहेक, CCTV निगरानी र अन्य सुरक्षा प्रावधान पनि गरिएको छ। श्री गुञ्जियालले भन्नुभयो, विधानसभा क्षेत्रहरूमा चुनाउका लागि तैनात पर्यवेक्षक पनि मतगणना प्रक्रियाको निगरानीका लागि मतगणना केन्द्रहरूमा रहनेछन्।

---------------------------------------X---------------------------------------

- **External Affairs Ministry Passport**

विदेश मन्त्रालयले पासपोर्ट सेवा कार्यक्रमको उन्नत संस्करण जारी गरेको छ। मन्त्रालयले भनेको छ, यस कार्यक्रममा भारतका नागरिक र विदेशमा रहनेहरूका लागि पासपोर्ट सेवा कार्यक्रम, वैश्विक पासपोर्ट सेवा कार्यक्रम र E-पासपोर्ट शामेल छ। मन्त्रालयले भनेको छ, यस वर्ष छब्बीस मई-मा शुरू गरिएको पासपोर्ट सेवा कार्यक्रम देशका सबै सैंतीस पासपोर्ट कार्यालयहरू, यससित जोड़िएका तीरनब्बे पासपोर्ट सेवा केन्द्र र चार सय पचास डाकघर पासपोर्ट सेवा केन्द्रमा सफलतापूर्वक लागू गरियो।

---------------------------------------X---------------------------------------

- **Military Friendly Power**

भारत र श्रीलंकाबीच संयुक्त सैन्य अभ्यास मित्र शक्ति 2025 कर्नाटकको बेलगावी-स्थित विदेशी प्रशिक्षण केन्द्रमा जारी छ। सोमवारदेखि शुरू भएको यो अभ्यास तेहीस नोभेम्बरमा समापन हुनेछ। भारतीय सेनाअनुसार यो अभ्यासले दुवै देशबीच दह्रिलो रक्षा साझेदारी, अन्तर-सञ्चालनशीलता र परस्पर विश्वाशलाई दर्शाउँदछ।

---------------------------------------X---------------------------------------

- **EC SIR**

निर्वाचन आयोगले आज भनेको छ, यस महिनाको चार तारिक विशेष गहन पुनरीक्षण (SIR)-को दोस्रो चरण शुरू भएपछि मतदाताहरूबीच बयालीस करोड़भन्दा अधिक गणना फार्म वितरित गरिसकिएको छ। यो संख्या यस चरणमा शामेल भएका कुल एक्काउन करोड़ मतदाताहरूको बयासी दशमलौ सात-एक प्रतिशत छ। सर्वाधिक बाह्र करोड़ तेंतीस लाखभन्दा अधिक फार्म उत्तर प्रदेशमा अनि पश्चिम बंगालमा सात दशमलौ एक-चार करोड़भन्दा अधिक फार्म वितरण गरिएको छ। दोस्रो चरणमा चुनाउ आयोगले नौंवटा राज्यहरू र तीनवटा केन्द्रशासित प्रदेशहरूमा SIR शुरू गरेको छ। यो गणना आगामी महिनाको चार तारिकसम्म जारी रहनेछ।

---------------------------------------X---------------------------------------

- **Draft Seed Bill – Agriculture**

सरकारले विद्‌यमान कृषि नियामक आवश्यकताअनुरूप बीज विधेयक 2025-को एउटा मसौदा तयार गरेको छ। कृषि तथा किसान कल्याण मन्त्रालयले भनेको छ, प्रस्तावित कानुन विद्‌यमान बीज अधिनियम 1966 र बीज (नियन्त्रण) आदेश 1983-लाई स्थान्तरित गर्न ल्याइँदैछ। मन्त्रालयले भनेको छ, नयाँ विधेयकले बीज आपूर्ति श्रृखंलामा पारदर्शिता र जवाफदेही सुनिश्चित गर्दै किसानहरूको अधिकारको सुरक्षाको प्रावधान गर्दछ। यर्को अर्थ यो विधेयक बीजको गुणवत्तालाई पनि विनियमित गर्नु हो। यो विधेयकले किसानहरूलाई सस्तो दरमा उच्च गुणवत्ता बीजको उपलब्धता, खराब गुणवत्ताको बीजको बिक्रीमा नियन्त्रण, नोक्सानबाट किसानहरूको रक्षा र अन्य लाभ सुनिश्चित गर्दछ। मन्त्रालयले भनेको छ, यसले आफ्नो आधिकारिक वेबसाइटमा हितधारक र जनताका सदस्यहरूलाई एघार दिसम्बरसम्म मसौदा विधेयक सम्बन्धी आफ्नो सुझाउ र टिप्पेणी दर्ता गर्न आमन्त्रित गर्दछ।

---------------------------------------X---------------------------------------

- **Goyal-Canada meeting**

वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले आज नयाँ दिल्लीमा कनाडाका व्यापार मन्त्री मनिन्दर सिद्धूसित बैठक गर्नुभयो। एउटा सोशल मिडिया पोस्टमा श्री गोयलले भन्नुभयो, यो बैठक व्यापार र निवेशमाथि सातौं भारत-कनाडा मन्त्रीस्तरीय संवादको भाग थियो। उहाँले भन्नुभयो, बैठकमा दुवै देशबीच द्विपक्षीय व्यापारलाई दह्रिलो बनाउन, निवेश बढ़ान र भारत तथा कनाडाबीच सहयोगलाई अझ प्रगाढ गर्ने अवसरमाथि पनि चर्चा भयो।

यसैक्रममा, श्री गोयलले आज नयाँ दिल्लीमा नेपालका वाणिज्य मन्त्री अनिल कुमार सिन्हासित बैठक गर्नुभयो। बैठकमा दुवै देशले भारत र नेपालबीच पारगमन सन्धिको दिशानिर्देशमा संशोधन गर्दै विनिमय पत्रको आदान-प्रदान गरे। यो पत्रले कन्टेनरयुक्त र थोक मालका लागि जोगबनी-विराटनगर रेल लिंकका साथ सोझै रेल सम्पर्कलाई सक्षम बनाउनेछ। यस पहलबाट कलकत्ता र भिशाखापट्टणम बन्दरगाहबाट नेपालसम्म परिवहन सुगम हुनेछ। बैठकमा एकीकृत चेक पोस्ट र अन्य आधारभूत पूर्वाधारको विकाससहित सीमा पार सम्पर्क र व्यापार सुविधा बढ़ाउन चलिरहेको पहलमाथि पनि चर्चा भयो।

----------------------------------------X----------------------------------------

- **WHO- AIIMS**

विश्व स्वास्थ्य संगठन (WHO)-ले आज नयाँ दिल्लीमा अखिल भारतीय आयुर्विज्ञान संस्थान (AIIMS)-मा महामारीको तयारी र आपात स्थितिको सामना गर्न आफ्नो वेबसाइटको शुभारम्भ गर्‍यो। विश्व स्वास्थ्य संगठनले भनेको छ, समयमा जन-स्वास्थ्य प्रतिक्रियाका लागि कुनै प्रकारको महामारीको मामिलामा तीव्र जाँच र अध्ययनका लागि यस प्रकारको साइटको एउटा वैश्विक नेटवर्क स्थापित गरिँदैछ।

उदघाटन समारोहमा विश्व स्वास्थ्य संगठनकी प्रतिनिधि सुश्री पेडेन र एम्स-का निदेशक डाक्टर M श्रीनिवास उपस्थित हुनुहुन्थ्यो।

डाक्टर श्रीनिवासले भन्नुभयो, यो साइटले महामारी नभएको अवधीमा पनि कार्य गर्नेछ। उहाँले भन्नुभयो, साइटले व्यवस्था सुदृढ छ र आवश्यकताको समयमा प्रभावशाली तरिकाले काम गर्न तयार छ भन्ने कुराको सुनिश्चित गर्नेछ।

----------------------------------------X----------------------------------------

- **PIB Fact Check**

सरकारले सोशल मिडियामा चलिरहेको समाचारको खण्डन गरेको छ, जसमा भनिएको छ, केन्द्रले वित्त अधिनियम 2025-अन्तर्गत सेवानिवृत्त कर्मचारीहरूका लागि महङ्गाई भत्तामा वृद्धि र वेतन आयोग संशोधन जस्ता सेवानिवृत्ति पछिको लाभ वापस लिएको छ। प्रेस सूचना ब्यूरो (PIB)-को तथ्य जाँच एकाईले भनेको छ, सरकारले सेवानिवृत्त कर्मचारीहरूका लागि यस्तो कुनै पनि परिवर्तनको घोषणा गरेको छैन। सरकारले मानिसहरूसित यस्ता समाचारमा ध्यान नदिन अनि कुनै पनि जानकारीमाथि विश्वास गर्न र यसलाई साझा गर्नअघि यसको पुष्टि गर्ने आग्रह गरेको छ।

---------------------------------------X---------------------------------------

- **NAAC Al-Falah Notice**

राष्ट्रिय मूल्यांकन तथा प्रत्यायन परिषदले फरीदाबादस्थित अल-फलाह विश्वविद्यालयलाई आफ्नो वेबसाइटमा गलत मान्यता प्रदर्शित गरेकोमा कारण बताउ नोटिस जारी गरेको छ। यसमा भनिएको छ, अल-फलाह विश्वविद्यालयलाई न त मान्यता प्राप्त छ अनि न नै मूल्यांकन र प्रत्यायनको पहिलो चरणका लागि स्वेच्छाले शामिल भएको छ। विश्वविद्यालयले आफ्नो वेबसाइटमा सार्वजनिक रूपमा यो अल-फलाह च्यारिटेबल ट्रस्टको प्रयास हो भनेर प्रदर्शन गरेको छ, जसले क्याम्पसमा तीनवटा कलेजहरू सञ्चालन गर्दै आएको छ। परिषदले यसका लागि स्पष्टीकरण मागेको छ र विश्वविद्यालयलाई आफ्नो वेबसाइट र सार्वजनिक रूपमा उपलब्ध वा वितरित कुनै पनि अन्य दस्तावेजबाट परिषदको मान्यता विवरण हटाउने निर्देश दिएको छ। दिल्ली विस्फोट मामिलामा विश्वविद्यालय कथित रूपमा जाँचको घेरामा छ।

---------------------------------------X---------------------------------------

अन्तमा प्रमुख समाचार पुनः एकपल्ट

- राष्ट्रपतिले बोत्सवानामा गर्नुभयो भारतीय समुदायलाई सम्बोधन
- बिहार चुनाउको मतगणना भोली आठ बजीदेखि
- विदेश मन्त्रालयद्वारा पासपोर्ट सेवा कार्यक्रमको उन्नत संस्करण जारी
- SIR-को दोस्रो चरण शुरू भएपछि बयालीस करोड़भन्दा अधिक गणना फार्म वितरित अनि
- सरकारद्वारा विद्यमान कृषि नियामक आवश्यकताअनुरूप बीज विधेयक 2025-को मसौदा तयार